बैठक सङ्ख्या : ३५
मिति : २०८१।१०।१४ गते
समय : दिनको १२:१५ बजे
स्थान : पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय

आज मिति २०८१ साल माघ महिनाको १४ गते सोमबार दिनको १२:१५ बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको ३५ औँ बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| नरपुरा बुढा पुन | उपाध्यक्ष |
| सुर बहादुर बि.क. | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| संखे सेन | ६ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| कुमार सिंह | ११ नं. वडा अध्यक्ष |
| ढ्रिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| रुवेश बुढा | १४ नं. वडा अध्यक्ष |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जुन प्रसाद बुढा | १३ नं. वडा सदस्य |
| ध्रुव वि.क. | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| जयबाबु खड्का | सूचना प्रविधि अधिकृत |
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |
| हिक्मत पोर्तेल | कम्प्युटर अपरेटर |
| भावना बुढा | कार्यालय सहयोगी |

३५ औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरू :

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. ऐन तथा कार्यविधिहरूमा भएका समितिहरू गठन सम्बन्धमा।
३. नदिजन्य पदार्थको शुल्क सम्बन्धमा।
४. ऐन, कानुन स्थानीय राजपत्रमा प्रकाशन सम्बन्धमा।
५. कृषि नायब प्राविधिक सहायकको विज्ञापन सम्बन्धमा।
६. तकसेरा ऐतिहासिक जीवित साँस्कृतिक संग्राहलय सम्बन्धमा।
७. बहुक्षेत्रीय पोषण तथा उद्यम विकास कार्यक्रम सम्बन्धमा।
८. बेलि ब्रिज कार्यान्वयन तथा माग सम्बन्धमा।
९. कार्यविधि, निर्देशिकाको अनुमोदन सम्बन्धमा।
१०. विविध सम्बन्धमा।
१. “ध”वर्गको निर्माण कम्पनीलाई इजाजत पत्र वितरण सम्बन्धमा।
२. नेपाल शिक्षक महासंघको ज्ञापनपत्र सम्बन्धमा।
३. प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतका योजना संशोधन सम्बन्धमा।

**निर्णयहरू :**

१. यस गाउँ कार्यपालिकाको ३४ औं कार्यपालिका बैठक हुँदै सभामार्फत बजेट रकमान्तरको निर्णय अनुमोदन भएबमोजिम बजेट रकमान्तर भएको र बेरुजु फछ्र्यौट सम्बन्धमा गरेको निर्णय बमोजिम उक्त बेरुजु फछ्र्यौटका लागि महालेखा परिक्षक कार्यालयलाई पत्राचार गर्ने प्रक्रियामा रहेको कुराको अवगत गर्दै अन्य सबै निर्णयको कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निश्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले यस गाउँ कार्यपालिकाको ३५ औं कार्यपालिका बैठक प्रारम्भ गरियो।

२. यस पुथा उत्तरगङ्गा गाउँपालिकाको प्रशासनिक कार्यलाई प्रभावकारी बनाउँदै गाउँपालिकालाई आर्थिक विकासको क्षेत्रमा गतिशील बनाउनका लागि यसअघि अनुमोदन भएका विभिन्न ऐन र कार्यविधिको आधारमा देहाय बमोजिमका समिति गठन गर्ने।

**तपसिल :**

**१. स्थानीय मदिरा व्यवस्थापन समिति :**

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| नरपुरा बुढा पुन | सदस्य |
| ध्रुव वि.क. | सदस्य |
| जानु छन्तेल | सदस्य |
| ग्वारी बुढा मगर | सदस्य |
| समिर गिरी | सदस्य |
| ओम प्रकाश ओली | सदस्य |
| सविना भाट | सदस्य |
| राम कुमार सुनार | सदस्य |
| जीताराम कामी | सदस्य |
| काली प्रसाद रोका | सदस्य |
| दत्त रसाइली | सदस्य |
| हरि चन्द्र वि.क. | सदस्य सचिव |

**२. भांगोजन्य पदार्थ संरक्षण तथा व्यवस्थापन समिति :**

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| नरपुरा बुढा पुन | सदस्य |
| ध्रुव वि क | सदस्य |
| जगत घर्ती | सदस्य |
| टिकासाई घर्ती मगर | सदस्य |

| | |
|---|---|
| सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| मल्ति पुन | सदस्य |
| नरमान पुन | सदस्य |
| समिर गिरी | सदस्य |
| सविना भाट | सदस्य |
| हरि चन्द्र वि क | सदस्य |
| लहर बहादुर पुन | सदस्य |
| जुतिमाया बुढा | सदस्य |
| सोनिया बुढा मगर | सदस्य |
| ओम प्रकाश ओली | सदस्य सचिव |

**३. स्रोत (वन संरक्षण) व्यवस्थापन समिति :**

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| नरपुरा बुढा पुन | सदस्य |
| ध्रुव वि क | सदस्य |
| जगत घर्ती | सदस्य |
| राज कुमार सुनार | सदस्य |
| भारसी बुढा | सदस्य |
| प्रभावित क्षेत्रको वडाध्यक्ष | सदस्य |
| लक्ष्मण ओली | सदस्य |
| जितन् पुन | सदस्य |
| ओमराज कुँवर | सदस्य |
| विष्णु पुन | सदस्य |
| जनक वि क | सदस्य |
| ज्योतिलाख घर्ती | सदस्य |
| उत्तम वि क | सदस्य |
| सविना भाट | सदस्य सचिव |

**४. सुनदह संरक्षण समिति :**

| | |
|---|---|
| बम बहादुर बुढा | संयोजक |
| ज्योतिलाख बुढा | सदस्य |
| भदौरे कामी | सदस्य |
| चिजदया बुढा | सदस्य |
| सागर वि क | सदस्य |
| सुविन्द्र वि क | सदस्य सचिव |

**५. साना तथा लघु जलविद्युत निर्देशक समिति :**

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| नरपुरा बुढा पुन | सदस्य |
| ध्रुव वि क | सदस्य |
| प्रभावित क्षेत्रको वडाध्यक्ष | सदस्य |
| जानु छन्तेल | सदस्य |
| जोर कुमारी बुढा | सदस्य |
| इन्द्रजीत गामी | सदस्य |
| सविना भाट | सदस्य |

| | |
|---|---|
| उर्जा शाखा प्रमुख | सदस्य सचिव |

**६. साना तथा लघु जलविद्युत समन्वय समिति (हाल सञ्चालित आयोजना):**

**१० नं. वडातर्फ :**

| | |
|---|---|
| भरत बुढा | संयोजक |
| धन कुमारी कामी | सदस्य |
| महेन्द्र बुढा | सदस्य |
| गोरख बहादुर के सी | सदस्य |
| सुशिला बुढा | सदस्य सचिव |

**११ नं. वडातर्फ :**

| | |
|---|---|
| कुमार सिंह | संयोजक |
| भारसी बुढा | सदस्य |
| महेन्द्र बुढा | सदस्य |
| गोरख बहादुर के सी | सदस्य |
| भागिसा बुढा मगर | सदस्य सचिव |

**७. खानी विकास समिति :**

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| प्रतिनिधि (जिल्ला प्रशासन कार्यालय) | सदस्य |
| प्रतिनिधि (जिल्ला वन कार्यालय) | सदस्य |
| प्रतिनिधि (सडक डिभिजन कार्यालय) | सदस्य |
| नापी कार्यालयको सर्भेयर | सदस्य |
| कार्यपालिका सदस्यहरू | सदस्य |
| इन्द्रजीत गामी | सदस्य सचिव |

**८. नदीजन्य पदार्थ अनुगमन समिति :**

| | |
|---|---|
| नरपुरा बुढा पुन | संयोजक |
| प्रतिनिधि (जिल्ला प्रशासन कार्यालय) | सदस्य |
| प्रतिनिधि (जिल्ला वन कार्यालय) | सदस्य |
| नापी कार्यालयको सर्भेयर | सदस्य |
| कार्यपालिका सदस्यहरू | सदस्य |
| इन्द्रजीत गामी | सदस्य सचिव |

**९. फोहोरमैला व्यवस्थापन समिति :**

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| ध्रुव वि क | सदस्य |
| पूर्णा मल्ल शाही | सदस्य |
| राज कुमार सुनार | सदस्य |
| भारसी बुढा | सदस्य |
| राम कुमार सुनार | सदस्य |
| समिर गिरी | सदस्य |
| दयाधन घर्ती | सदस्य |
| बिजुली बुढा | सदस्य |

सविना भाट सदस्य सचिव

**१०. पर्यटन प्रवर्द्धन समिति :**

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| नरपुरा बुढा पुन | सदस्य |
| ध्रुव वि क | सदस्य |
| जगत घर्ती | सदस्य |
| बम बहादुर बुढा | सदस्य |
| मल्ति पुन | सदस्य |
| जानु छन्तेल | सदस्य |
| देव प्रसाद रोका | सदस्य |
| रामलिला बुढा | सदस्य |
| मैत्या घर्ती मगर | सदस्य |
| सविना भाट | सदस्य सचिव |

११. पर्यटन सूचना केन्द्र सञ्चालक समिति :

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| नरपुरा बुढा पुन | सदस्य |
| ध्रुव वि क | सदस्य |
| भरत बुढा | सदस्य |
| जानु छन्तेल | सदस्य |
| भारसी बुढा | सदस्य |
| बम बहादुर बुढा | सदस्य |
| पर्यटन शाखा हेर्ने कर्मचारी | सदस्य सचिव |

३. नदिजन्य पदार्थको गाउँपालिकाको आर्थिक ऐन बमोजिमको शुल्क संरचनालाई समीक्षा गरी प्रदेश आर्थिक ऐन बमोजिम परिमार्जन गर्ने निर्णय गरी सोहि अनुसार कार्यान्वयनमा जाने निर्णय गरियो। नदिजन्य पदार्थको दीर्घकालीन उपयोग सुनिश्चित गर्न नीतिगत उपायहरू गरिने र कार्यान्वयनमा जाने निर्णय गरियो।

४. यस गाउँपालिकाअन्तर्गत गाउँ कार्यपालिका बैठक र गाउँसभामार्फत हालसम्म अनुमोदन एवम् स्वीकृतका साथै प्रमाणीकरण भइसकेका हालसम्मका ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डहरू स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने।

५. यस पुथा उत्तरगङ्गा गाउँपालिकाअन्तर्गतका निकायमा रिक्त रहेको नायब प्राविधिक सहायक (कृषि) पदमा २ जना सेवा करारमार्फत पदपूर्तिको कार्य प्रक्रिया सम्बन्धित शाखा र गाउँपालिकामार्फत अगाडि बढाउने।

६. पर्यटकीय दृष्टिकोणले निकै सम्भावना बोकेको यस पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० स्थित **'तकसेरा'** लाई **"तकसेरा ऐतिहासिक जीवित संग्रहालय"** घोषणा गर्नुका साथै संरक्षण र व्यवस्थापनका लागि प्रारम्भिक खाका तयार गरी सम्भाव्यता अध्ययन कार्ययोजना तयार गर्ने।

७. यस पुथा उत्तरगङ्गा गाउँपालिकाअन्तर्गत बहुक्षेत्रीय पोषण कार्यक्रम र लघु उद्यम विकास कार्यक्रममार्फत आ.व. २०८१।०८२ मा कार्यक्रम कार्यान्वयनका लागि तपसिलका वडाहरू छनौट गर्ने।

**तपसिल :**

**बहुक्षेत्रीय पोषण कार्यक्रमतर्फ :**

- सुनौला हजार दिनका आमाहरूलाई पोषण अभिमुखीकरण कार्यक्रम : वडा नं. २,३,४ र ९

- सुनौला हजार दिनका आमाहरूलाई पोषण उन्नतिका लागि अण्डा वितरण कार्यक्रम : वडा नं. १ र ३
- तरकारी खेतिको लागि आवश्यक सामाग्री र स्थलगत तालिम : वडा नं. ३ र ४
- किशोरकिशोरी प्रजनन स्वास्थ्य अन्तर्गत अभिमुखीकरण : वडा नं. १० र १२
- विद्यालयमा पोषणयुक्त दिवा खाजामा सुदृढीकरण कार्यक्रम : वडा नं. ४, ११, १३ र १४

**लघु उद्यम विकास कार्यक्रमतर्फ :**

- साझा सुविधा केन्द्र भवन निर्माण : वडा नं. ५
- प्रविधि हस्तान्तरण : वडा नं. ५
- उद्यमी सीप विकास तथा स्तरोन्नति : वडा नं. ६

८. गाउँपालिकाभित्र यातायातको सहज पहुँचको आवश्यकता अनुसार देहायका स्थानहरूमा बेलि ब्रिज निर्माणका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने, स्रोत व्यवस्थापन र दीर्घकालीन समाधानका लागि ठोस कार्ययोजना निर्माण गर्ने।

**देहाय :**

- वडा नं. ५ नाहरखोला
- वडा नं. ५ र वडा नं. १ सानोभेरी नदी
- वडा नं. ६ र वडा नं. ९ जोड्ने सानोभेरी
- वडा नं. १२ गर्खानी बालुवा र वडा नं. १३ पुबई पदमी

९. पुथा उत्तरगङ्गा गाउँपालिका आफैमा पर्यटकीय दृष्टिकोणले निकै सम्भावना बोकेको क्षेत्र हो। विगतका समयदेखि यस गाउँपालिकाभित्र आन्तरिक र बाह्य पर्यटकहरूको आवागमन र पर्यटकहरूले राखेको सल्लाह सुझाबलाई मध्यनजर गर्दै पर्यटन व्यवसायलाई सरल, सहज र पर्यटकहरूमा हुने अन्यौलतालाई कम गर्न, पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्न र गाउँपालिकामा भित्रिने पर्यटकहरूको अभिलेख व्यवस्थित गर्नका लागि यस पुथा उत्तरगङ्गा गाउँपालिकाको वडा नं. १० स्थित तकसेरामा पर्यटन सूचना केन्द्र स्थापनाका लागि आवश्यक कार्य अगाडि बढाउने।

१०. यस पुथा उत्तरगङ्गा गाउँपालिकाको प्रशासनिक कार्य छिटो, छरितो र प्रभावकारी गराउनका लागि आवश्यक पर्ने तपसिलका कार्यविधि, आचारसंहिता र निर्देशिकाहरू अनुमोदन गर्ने।

**तपसिल :**

१. आन्तरिक लेखापरिक्षकको आचारसंहिता, २०८१
२. नागरिक बजेट निर्देशिका, २०८१
३. लेखा समिति कार्यसञ्चालन निर्देशिका, २०८१
४. विद्युतीय हाजिरी प्रणाली सञ्चालन कार्यविधि, २०८१
५. पुथा उत्तरगङ्गा गाउँपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८१
६. एकीकृत पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**११. विविध तर्फ :**

१. यस पुथा उत्तरगङ्गा गाउँपालिकाअन्तर्गत प्राविधिक शाखा र योजना शाखामा **"घ"** वर्ग इजाजत पत्र अनुमति र प्राप्त गर्नका लागि सम्पू प्रक्रिया पूरा गरी निवेदन दिएका तपसिलका निर्माण व्यावसायीहरूलाई **"घ"** वर्ग इजाजत पत्र प्रदान गर्ने।

**तपसिल :**

- सनिपा कन्स्ट्रक्सन प्रा.लि. पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५ हुकाम
- थार विल्डर्स प्रा.लि., पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १ मैकोट

२. नेपाल शिक्षक महासंघको ज्ञापनपत्र र बैठकको निर्णयको बारेमा कार्यपालिकामा छलफल गरी आवश्यकताका आधारमा सम्बन्धि

३. यस गाउँपालिकाअन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि यसअघि अनुमोदन भएका तपसिलको योजनाहरू संशोध
गर्ने र नयाँ योजना समावेश गरी कार्यान्वयन गर्ने ।

**तपसिल :**

१. घाटवाङ्ग गोरेटो बाटो निर्माण - २ लाख (आइ डि ए) वडा नं. ३ (नयाँ योजना)

२. सुनदह पर्यटन पदमार्ग निर्माण - २ लाख ४४ हजार (नेपाल सरकार) वडा नं. ३ (नयाँ योजना)

३. सिद्दमण्डली मा वि राङ्सी खेल मैदान बाट नाखा देखि सेपे लेख सम्म पदमार्ग निर्माण (योजना संशोधन)

एवम् प्रकारले यस गाउँ कार्यपालिकाको आगामी बैठक बस्ने गरी आजको बैठक समापन गरियो ।